नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

कालीकोट

फोन नं. ०८७ - ४४०११२
फ्याक्स नं. ०८७ - ४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

पत्र संख्या : ०७८/७९
चलानी नं.

मिति : २०७८/०९/३०

## कालीकोट जिल्लाका प्रमुख जिल्ला अधिकारीवाट जारी आदेश

कालीकोट जिल्लामा पछिल्लो समयमा कोभिड-१९ संक्रमणको दर बढ्दै गएकोले सोको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन नेपाल सरकार(माननीय मन्त्रीस्तर) को मिति २०७८।९।२६ को निर्णय,कोभिड -१९ संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६ (३) बमोजिम कालीकोट जिल्लाभर मिति २०७८।९।३० गते राती १२:०० बजे देखि लागु हुने गरी अर्को सूचना नभए सम्म देहाय बमोजिमको आदेश जारी गरिएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ।

१. सार्वजनिक स्थलमा सबै प्रकारका राजनीतिक तथा धेरै जना उपस्थित हुने गरी प्रशासनिक, सामाजिक एवं त्यही प्रकृतिको कार्यक्रम तथा मेला,भेला,महोत्सवहरु आयोजना नगर्ने। सार्वजनिक स्थलहरुमा २५ जना भन्दा बढी भेला हुने गरी कार्यक्रम आयोजना नगर्ने। अत्यावश्यक र पहिल्यै तय भैसकेका कार्यक्रमको हकमा स्थानीय प्रशासनको अनुमती लिएर कोभिड-१९ को स्वास्थ्य सम्वन्धि सुरक्षाको मापदण्ड अपनाएर मात्र गर्ने।

२. सार्वजनिक स्थानहरुमा (कार्यालय,होटल,रेष्टुरेन्ट,सिनेमा हल,पार्क आदी) प्रवेश गर्दा अनिवार्य रुपमा कोभिड विरुद्ध खोप लगाएको कार्ड(मोबाईलमा फोटो भएपनि हुने) साथमा राख्ने र ति निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था मिलाउने। यो व्यवस्था माघ ७ गते देखि लागु हुनेछ।

३. मिति २०७८।१०।७ गते देखि सार्वजनिक सेवा प्राप्त गर्न खोप कार्ड अनिवार्य गर्ने।

४. सार्वजनिक यातायात संचालन गर्दा निम्न मापदण्ड अवलम्वन गर्ने।

क) सिट क्षमता भन्दा बढी यात्रु राख्न नपाईने।

ख) यात्रुले अनिवार्य रुपमा मास्क लगाउनुपर्ने।

ग) यात्रु प्रवेश गर्ने ढोकामा सेनिटाईजर राख्ने र प्रयोगको व्यवस्था गर्ने।

५. कोभिड -१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी घर बाहिर वा सार्वजनिक स्थलमा निस्किदा सबैले मास्कको अनिवार्य प्रयोग गर्ने,भौतिक दुरी कायम गर्ने,समय समयमा सावुन पानीले हात धुने वा सेनिटाईजरको प्रयोग गर्ने लगायतका स्वास्थ्य सम्वन्धी मापदण्ड अनिवार्य पालना गर्ने गराउने।

२०७८।९।३०
रामहरि शर्मा
( प्रमुख जिल्ला अधिकारी)

प्रमुख जिल्ला अधिकारी